# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

## कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।१२।११)

वि.नं. ०८/०६८/०६९

यस अस्पतालमा रिक्त रहेका देहाय बमोजिमका पदहरु कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गर्नुपर्ने भएकोले लोक सेवा आयोगबाट मिति २०७८।११।२७ को पत्रबाट सहमति प्राप्त भएअनुसार बी.पी. कोइराला मेमोरियल अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (दोस्रो संशोधन, २०७५) को नियम ४० बमोजिम न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका र सोही नियमावलीको नियम ४१ बमोजिमको अवस्था नभएका उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र दरखास्त फाराम भरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह, तह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | १।२०७८।७९ | जुनियर असिष्टेण्ट | प्राविधिक (अन्य), हस्पीटल इन्जिनियरिङ्ग, सिभिल/मेकानिकल/इलेक्ट्रिकल, चौथो | ४ |

**नोटः**

१. उम्मेदवारले दरखास्तसाथ नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता र तालीमका प्रमाणपत्रहरु, नियुक्ति पत्र लगायतका कागजातहरु पेश गर्नु पर्नेछ। रित नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गरिनुपर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

२. तोकिएको अवधिभित्र दरखास्त फाराम पेश नगरेमा त्यस्तो उम्मेदवारलाई संभाव्य उम्मेदवारको रुपमा समावेश गरिने छैन।

३. दरखास्त दस्तुर: रु.३००।- दरखास्तका साथ कृषि विकास बैंक लिमिटेडको बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नाममा रहेको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ।

द्रष्टब्य: मिति २०७८।०४।०१ मा प्रकाशित विज्ञापन बमोजिम उल्लेखित पदको पदपूर्ति प्रक्रिया आयोगको मिति २०७८।११।१० को निर्णयानुसार रद्द भई लोक सेवा आयोगबाट मिति २०७८।११।२७ को पत्रबाट सहमति प्राप्त भएअनुसार पुनः विज्ञापन प्रकाशन गरिएको।

गृही नारायण महतो
सदस्य सचिव
पदपूर्ति समिति

Scanned with CamSca

# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

## आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

-चि. नं. ९।२०७८/०७९

(प्रथम पटक प्रकाशित मिति २०७८।१२।११)

यस अस्पतालमा रिक्त रहेका देहाय बमोजिमका पदहरु आन्तरिक तथा खुला प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०७८।११।२७ को पत्रबाट सहमति प्राप्त भएअनुसार बी.पी. कोइराला मेमोरियल अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (दोस्रो संशोधन, २०७५) को नियम १५ को उपनियम (४) बमोजिम योग्यता पुगेका कर्मचारीहरुबाट यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र दरखास्त फाराम पेश गर्नुहुन आह्वान गरिएको छ।

<table>
<tr><th>क्र.सं.</th><th>विज्ञापन नं.</th><th>पद</th><th>सेवा, समूह, उपसमूह, तह</th><th>किसिम</th><th>माग पद संख्या</th></tr>
<tr><td>१.</td><td>२।२०७८।७९</td><td rowspan="3">जुनियर असिष्टेण्ट</td><td rowspan="3">प्राविधिक (अन्य), हस्पीटल इन्जिनियरिङ्ग, सिभिल/मेकानिकल/इलेक्ट्रिकल, चौथो</td><td>आन्तरिक</td><td>१</td></tr>
<tr><td>२.</td><td>३।२०७८।७९</td><td>खुला</td><td>१</td></tr>
<tr><td>३.</td><td>४।२०७८।७९</td><td>मधेशी</td><td>१</td></tr>
</table>

**आवश्यक शैक्षिक योग्यता र अनुभव:**

**(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि:** बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (दोस्रो संशोधन, २०७५) को नियम १५ बमोजिम हुनेछ।

**(ख) खुला प्रतियोगिताको लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा टि.एस.एल.सी. उतीर्ण गरी सम्वन्धित बिषयमा तालिम प्राप्त।

**नोट:**

१. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : दरखास्त फाराम बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको वेबसाइट www.bpkmch.org.np बाट डाउनलोड गरी A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ। दरखास्त फारामहरु बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको कार्यालयमा बुझाउनु पर्नेछ।

२. दरखास्त बुझाउने समय : बिहान ९.०० बजे देखि ४.३० बजे सम्म।

३. परीक्षा दस्तुर:- रु.३००।- लाग्नेछ। एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समुहमा सहभागी हुने भएमा प्रत्येक समुहको लागि २० प्रतिशत परीक्षा दस्तुर थप लाग्नेछ। दरखास्तका साथ कृषि विकास बैंक लिमिटेडमो बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नाममा रहेको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ।

४. उमेर हद: अठार वर्ष उमेर पुरा भइ पैंतालीस वर्ष ननाघेको

५. परीक्षाको किसिम: लिखित र अन्तर्वार्ता।

६. **लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ।**

७. निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ :
   (क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो।
   (ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
   (ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि।
   (घ) विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपि।
   (ङ) प्राविधिक (स्वास्थ्य) सेवा अन्तर्गतका पदका लागि सम्वन्धित व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र।

८. **समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु: मधेसीको हकमा:** नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि।

९. तलव र सुविधा: बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नियमानुसार।

१०. दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिने छ।

११. उल्लेखित पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट तोकिएको स्थानमा हुनेछ।

१२. लिखित परीक्षा सम्वन्धि कार्यक्रम पछि प्रकाशित गरिनेछ।

१३. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।

१४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन।

१५. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द हुनेछ। यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न अस्पताल बाध्य हुनेछैन।

द्रष्टव्य: मिति २०७८।०४।०१ मा प्रकाशित विज्ञापन बमोजिम उल्लेखित पदको पदपूर्ति प्रक्रिया आयोगको मिति २०७८।११।१० को निर्णयानुसार रद्द भई लोक सेवा आयोगबाट मिति २०७८।११।२७ को पत्रबाट सहमति प्राप्त भएअनुसार पुन: विज्ञापन प्रकाशन गरिएको।

गृही नारायण महतो
सदस्य सचिव
पदपूर्ति समिति

Scanned with CamScanner